# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ | संख्याः १७ | मिति : २०८२/११/२९

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८२।११।२९ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८२ सालको नियम नं.१७

गेरुवा गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२

# गेरुवा गाउँपालिकाका करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२

**प्रमाणिकरण मितिः २०८२।११।२९**

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई सुनिश्चितता गर्न बाञ्छनीय भएकाले गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम गेरुवा गाउँपालिकाको नगरकार्यपालिकाले यो गेरुवा गाउँपालिकाका करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२ स्वीकृत गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम गेरुवा गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले गेरुवा गाउँपालिकामा कार्यरत सम्पूर्ण करार कर्मचारीहरुलाई प्रदान गरिने योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि, २०८२ सम्झनु पर्दछ।

(ख) " गाउँपालिका" भन्नाले गेरुवा गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "सभा" भन्नाले गेरुवा गाउँपालिकाको सभालाई सम्झनु पर्दछ।

(घ) "वडा" भन्नाले गेरुवा गाउँपालिकाका सबै वडा कार्यालयहरुलाई सम्झनुपर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले गेरुवा गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ।

(छ) "उपाध्यक्ष" भन्नाले गेरुवा गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले गेरुवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(झ) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ।

(ञ) "करारका कर्मचारी" भन्नाले गेरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ।

**३. जिम्मेवारी र उत्तरदायित्व**

(१) गाउँपालिका भित्र वडा कार्यालय र यस मातहत रहेका गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तलव भत्ता भुक्तान गर्ने करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको जिम्मेवारी रहने छ।

(२) गाउँ कार्यपालिकाको कार्यालयले आफ्ना करार कर्मचारीहरुलाई वार्षिक रुपमा आवश्यक पर्ने कर्मचारीहरुको लागि रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी गाउँ सभाबाट बिनियोजित गराउनु पर्नेछ।

(३) गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा गाउँपालिकाको कार्यालय मातहत रहेका वडा कार्यालय तथा कार्यरत करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात स्वतःलागु हुनेछ।कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ।

(४) गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानकर्ताको रुपमा सूचीकृत गरी निजहरुले खाईपाई आएको मासीक तलबको कम्तीमा साठी प्रतिशतलाई आधारभूत तलब मानी योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ।

**४. समिति गठनः**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरी आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) आर्थिक प्रशासन शाखा - सदस्य

(ग) सूचना प्रविधि शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) गाउँ कार्यपालिकाको कार्यालयमा निरन्तर ६ महिना वा सो समय भन्दा बढी सेवा अवधि कार्य गरेका करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत गर्नका लागि संख्याको एकिन गर्ने।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालयद्धारा गरिएका परिपत्रहरुमा सम्वन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने।

(ग) अनलाईन माध्यमबाट गाउँ कार्यपालिकाको कार्यालयलाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सूचिकरण गर्ने वा गराउने।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्यगर्ने।

**५. थपघट, हेरफेर वा संशोधनः** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ।

**६. बाधा अड्काउ फुकाउ :** यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

**७. खारेजी तथा बचाउः** यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछन।

आज्ञाले
बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत